संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति - २०६४ मङ्सिर २८**

---

# गौरमा बढ्दो तनावप्रति उच्चायुक्तको कार्यालय चिन्तित

रौतहट जिल्लाको गौरमा भएको बढ्दो तनावप्रति उच्चायुक्तको कार्यालय फेरि चिन्तित भएको छ। मधेशी जनअधिकार फोरम (फोरम) र नेकपा (माओवादी) दुवैले क्रमशः शनिबार र आइतबार गौरमा विरोध प्रदर्शन तथा अन्य कार्यक्रमहरूको तयारी गरिरहेको हुनाले उच्चायुक्तको कार्यालय २०६३ चैतमा गौरमा नेकपा (माओवादी)का २७ कार्यकर्ता मारिएको दुःखद घटनाको पुनरावृत्ति हुन नदिन आवश्यक सबै कदम चाल्नुपर्ने आवश्यकतातर्फ सबै पक्षहरूको ध्यानाकर्षण गर्न चाहन्छ।

उच्चायुक्तको कार्यालय फोरम र नेकपा (माओवादी) दुवैको नेतृत्वलाई आफ्ना कार्यकर्ता निःशस्त्र भएको, तिनले आफ्ना कार्यक्रमहरू शान्तिपूर्णरूपमा सञ्चालन गर्ने र हिंसालाई उत्तेजित पार्नसक्ने कुनै पनि गतिविधिमा आफू संलग्न नहुने कुरा सुनिश्चित गर्न आह्वान गर्दछ। हिंसा हुने खतराले गर्दा १८ वर्षमुनिका युवायुवतीहरू र्‍यालीमा सहभागी नबन्ने कुराको सुनिश्चित गर्न संरक्षणात्मक उपायहरू अवलम्बन गरिनुपर्छ।

यसका अतिरिक्त, उच्चायुक्तको कार्यालय आउनसक्ने सुरक्षाका चुनौतीहरूलाई उपयुक्त किसिमले प्रतिक्रिया दिनसक्ने गरी पर्याप्त निवारक उपाय अवलम्बन गरिएको छ भन्ने कुरा सुनिश्चित गर्न जिल्ला प्रशासनलाई आह्वान गर्दछ। सहभागीहरूले बिनाडर भेला हुन पाउने स्वतन्त्रताको अधिकार उपभोग गर्नसक्ने वातावरण सुनिश्चित गर्न जिल्ला प्रशासनले आफैं अग्रसर भएर कार्य गर्ने पद्धति अपनाउनु आवश्यक छ।

> "राजनीतिक लक्ष्य शान्तिपूर्ण माध्यमद्वारा हासिल गरिनुपर्छ र अरूका अधिकारको मूल्यमा यसलाई प्राप्त गर्न खोजिनु हुँदैन," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "नेकपा (माओवादी) र फोरमको नेतृत्वले आफ्ना कार्यकर्ता शान्तिपूर्ण भेलाप्रति प्रतिबद्ध छन् भनी अहिले नै सार्वजनिक आश्वासन दिनुपर्छ।" साथै, जिम्मेवारहरूलाई जवाफदेही बनाइने गरी चैतमा भएको हत्याकाण्डबारे प्रहरीले पूर्ण अनुसन्धान गर्नु अत्यावश्यक छ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org